**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः०९ संख्याः ०३ मितिः २०८२/०८/२८

**भाग-२**

**रामारोशन गाउँपालिका**

रामारोशन गाउँपालिका

## सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०५/०९**

### प्रस्तावना

रामारोशन गाउँपालिका को क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विकास, सुशासन सुदृढीकरण, लैङ्गिक समानता र समाजिक समावेशीकरण गर्दै सामुदायिक वनका माध्यमबाट वनको दिगो व्यवस्थापन, वातावरण र जैविक विविधताको संरक्षण, स्थानीय ज्ञान र सीपमा आधारित वन उद्यम तथा पर्यापर्यटन विकास, वनमा आश्रित वर्गका लागि रोजगारी र आय आर्जन, सामाजिक सुरक्षा, आदिवासी जनजाति र स्थानीय समुदायको वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको प्रवर्द्धन गर्नुका साथै सामुदायिक विकासका लागि सामुदायिक वन उपभोक्ता समूह र रामारोशन गाउँपालिका बीचको समन्वय र सहकार्यलाई थप सवल बनाई सामुदायिक वन अधिकार सुनिश्चितताका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) र रामारोशन गाउँपालिकाको स्थानीय वन ऐन २०......... को दफा ......... ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधिको तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम रामारोशन गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि रामारोशन गाउँलिकाको कार्यपालिकाले स्वीकृत गरे पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "सामुदायिक वन" भन्नाले वन सम्बन्धी प्रचलित कानून बमोजिम वन कार्यालयबाट सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनलाई जनाउँदछ ।

(ख) "उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्नका लागि वन सम्बन्धी प्रचलित कानून बमोजिम वन कार्यालयमा दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहलाई जनाउँदछ ।

(ग) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा परिभाषित र सुचीकृत गरिएका आदिवासी जनजाति समुदायलाई जनाउँदछ ।

(घ) "कार्ययोजना" भन्नाले सामुदायिक वनको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग लगायतका विषयवस्तु समावेश गरी तयार गरी वन कार्यालयबाट स्वीकृत भएको कार्ययोजनालाई जनाउँदछ।

(ङ) "वन उद्यम" भन्नाले सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गर्ने वन पैदावारमा आधारित उद्यमलाई जनाउँदछ ।

(च) "पर्यापर्यटन" भन्नाले प्रकृति एवं वातावरण संरक्षण र स्थानीय समुदायको हित हुनेगरी प्रकृतिक र समुदायको सांस्कृतिक परम्परामा आधारित भई गरिने पर्यटन गतिविधिलाई जनाउँदछ ।

(छ) "कृषि वन" भन्नाले एउटै जग्गामा बहुवर्षिय रुख प्रजातिका साथै जैविक विविधता र वनको छत्र घनत्वमा असर नपर्नेगरी प्रतिबन्ध नलगाइएका नगदे अन्नवाली, फलफूल, घाँसेवाली, मत्स्यपालन वा पशुपन्छी पालनलाई एकिकृत गरी पर्यावरणीय रुपमा कृषि वनखेति गर्ने प्रणालीलाई जनाउँदछ।

## परिच्छेद दुई
## सामुदायिक वनसम्बन्धी आवधिक तथा वार्षिक योजना सम्बन्धी व्यवस्था

३. **सामुदायिक वनसम्बन्धी आवधिक तथा वार्षिक योजनाको तर्जुमा र कार्यान्वयनः** (१) रामारोशन गाउँपालिकाले वार्षिक योजना तर्जुमा गर्दा आफ्नो क्षेत्रभित्रका सामुदायिक वनहरुको संरक्षण र दिगो व्यवस्थापनका लागि उपभोक्ता समूहका प्रतिनिधि र सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सामुदायिक वनसम्बन्धी वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक योजनाका साथै रामारोशन गाउँपालिकाको मुख्य आवधिक योजनाहरुसँग सामञ्जस्यता कायम गरी सामुदायिक वनसम्बन्धी मध्यकालिन वा दृघकालिन योजना तर्जुमा गर्न सकिने छ ।

(३) उपदफा (१) वा (२) बमोजिम वर्षिक तथा आवधिक योजना तर्जुमा गर्दा सामुदायिक वनका माध्यमबाट वातावरणको संरक्षण, जैविक विविधता र जलाधार तथा सिमसार संरक्षण, जलवायु अनुकूलन र न्यूनीकरण, प्रकोप जोखिम व्यवस्थापन, नदी उकास, वन डढेलो नियन्त्रण, मानव-वन्यजन्तु द्धन्द्ध व्यवस्थापन, वन उद्यम तथा पर्यापर्यटन, चरन व्यवस्थापन, गरिवी न्यूनीकरण, लैङ्गिक समता, सुशासन र समावेशीकरण लगायतका विषयहरु समेत समेटी योजना तर्जुमा गर्नु पर्नेछ ।

(४) सामुदायिक वनसम्बन्धी आवधिक तथा वार्षिक योजनामा समावेश भएका कार्यक्रमहरुमध्ये सामुदायिक वन उपभोक्ता समूहले सम्पन्न गर्न सक्ने कार्यक्रमहरु सम्बन्धित उपभोक्ता समूह मार्फत गर्नु पर्नेछ र उपभोक्ता समूहले सम्पन्न गर्न नसक्ने प्रकृतिका कार्यक्रमहरु सेवा प्रदायक मार्फत सम्पन्न गर्न सकिनेछ ।

(५) सामुदायिक वनमा सञ्चालन गरिने कार्यक्रमहरुको लगानीका लागि रामारोशन गाउँपालिका र उपभोक्ता समूह बीच समन्वय गरी सहलगानी गर्न सकिनेछ ।

४. **सामुदायिक वनको तथ्याङ्क व्यवस्थापनः** (१) प्रचलित कानून बमोजिम दर्ता भएका यस रामारोशन गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक वन उपभोक्ता समूहले देहायको विवरण रामारोशन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछः

(क) उपभोक्ता समूह दर्ता र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको प्रतिलिपि ।

(ख) स्वीकृत विधान र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिमका विवरणहरु एक पटक र देहाय बमोजिमका विवरणहरु वार्षिक रुपमा रामारोशन गाउँपालिकामा पेश गर्नुपर्नेछः

(क)सामुदायिक वनको वन पैदावार उपभोक्ता समूह बाहिर विक्री गर्ने समूहले सोको वार्षिक विवरण

(ख)सामुदायिक वनको कोषको रकम खर्च गरी सञ्चालन गरिने कार्यक्रमहरु मध्ये गरिवी न्यूनिकरण, उद्यम विकास र महिला सशक्तिकरण कार्यक्रमको वार्षिक विवरण

(३) उपदफा (१) र (२) बमोजिम बाहेक देहाय बमोजिमका विवरणहरु प्रत्येक वर्षको आर्थिक वर्ष पुरा भएको तीन महिनापछि रामारोशन गाउँपालिकामा पेश गर्नुपर्नेछः

(क)वार्षिक लेखा परीक्षण प्रतिवेदन।

(ख)वार्षिक प्रगती प्रतिवेदन ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्राप्त विवरणका आधारमा रामारोशन गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको अनुसूची १ बमोजिमको विवरण तयार गरी नियमित रुपमा अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

५. **कार्ययोजना संशोधन तथा परिमार्जन गर्नुपर्ने उपभोक्ता समूहको पहिचानः** (१) दफा ४ बमोजिम तयार गरिने अद्यावधिक विवरणका आधारमा रामारोशन गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वनमध्ये कुन सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजनाको अवधी के कति रहेको छ भनी पहिचान गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजनाको अवधी पहिचान गरिएका आधारमा कार्ययोजनाको अवधी समाप्त भएका उपभोक्ता समूहलाई पहिलो प्राथमिकता दिई कार्ययोजना संशोधन तथा परिमार्जन गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

६. **कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जनका लागि सहयोगः** (१) सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन गर्नुपर्ने भनी पहिचान भएका उपभोक्ता समूहले रामारोशन गाउँपालिका समक्ष प्राविधिक तथा आर्थिक सहयोग माग गरी निवेदन पेश गर्ने सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा रामारोशन गाउँपालिकाले आफ्नो वन तथा वातावरण शाखामा वनसम्बन्धी प्राविधिक कर्मचारी उपलब्ध भएमा उक्त कर्मचारीलाई सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन गर्नमा सहजीकरण गर्नका लागि सम्बन्धित उपभोक्ता समूहमा खटाउन सक्नेछ ।

(३) रामारोशन गाउँपालिकामा सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन गर्नमा सहजीकरण गर्ने कर्मचारी उपलब्ध नभएमा रामारोशन गाउँपालिकाले सम्बन्धित वन कार्यालयमा उपभोक्ता समूहलाई प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सिफारिस गर्न सक्नेछ ।

(४) सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जनका लागि प्राविधिक सहयोग तथा सहजीकरण गर्न सक्ने कर्मचारी रामारोशन गाउँपालिका र वन कार्यालयमा उपलब्ध नभएमा प्रतिष्पर्धा गराई वा नगराई सेवा प्रदायकको सेवा लिने गरी रामारोशन गाउँपालिकाले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जनका लागि सेवा प्रदायक मार्फत प्राविधिक सहयोग लिनका लागि रामारोशन गाउँपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले सहलगानी पनि गर्ने सक्नेछन् ।

(६) सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जनका लागि सम्झौता गरी कार्य गर्ने प्राविधिक सेवा प्रदायकले सम्झौतामा उल्लिखित समय भित्र सम्बन्धित निकायसँगको समन्वयमा उपयोक्ता समूहलाई सहजीकरण गरी कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जनको कार्य सम्पन्न गरी सोको प्रतिवेदन उपभोक्ता समूह मार्फत रामारोशन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

७. **कार्ययोजना तर्जुमा तथा परिमार्जनका लागि** रामारोशन गाउँ**पालिकासँग परामर्शः** (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजनाका बारेमा रामारोशन गाउँपालिकाको सुझाव तथा परामर्श लिन रामारोशन गाउँपालिकाको वन तथा वातावरण शाखा वा सम्बन्धित वडा कार्यालयमा कार्ययोजनाको एक प्रति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा ७ दिन भित्रमा रामारोशन गाउँपालिकाको वन तथा वातावरण शाखा वा सम्बन्धित वडा कार्यालयले आवश्यक सुझाव वा परामर्श दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव वा परामर्श नदिएमा सोही

कुरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतीका लागि सम्बन्धित वन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(३) दुई वा सो भन्दा बढी वडामा फैलिएको सामुदायिक वनको कार्ययोजनाका बारेमा कुनै एउटा वडा कार्यालयको सुझाव वा परामर्श प्राप्त भएमा स्थानीय तहसँग परामर्श गरेको मानिनेछ।

(४) रामारोशन गाउँपालिकाको वन तथा वातावरण शाखा वा सम्बन्धित वडा कार्यालयले सामुदायिक वनको कार्ययोजनाका बारेमा दिएको सुझाव वा परामर्शको अभिलेख राख्नु पर्नेछ।

***स्पष्टीकरणः*** सामुदायिक वनको कार्ययोजनाको अवधी सामान्यतया १० वर्षको हुनेछ । कार्ययोजना संशोधन भन्नाले स्वीकृत कार्ययोजनाको अवधी नसकिदै कार्ययोजनामा उल्लेखित कुनै विषयमा सामान्य सुधार गर्ने कुरालाई जनाउनेछ भने कार्ययोजना परिमार्जन भन्नाले कार्ययोजनाको अवधी कायमै रहेको अवस्थामा वा अवधी सकिने समयमा कार्ययोजनाका विषयवस्तुहरु फेरवदल गरी परिमार्जित रुपमा कार्ययोजना तर्जुमा गरिने कार्यलाई जनाउँदछ।

८. **दिगो वन व्यवस्थापन मापदण्डको पालनाः** सामुदायिक वनको कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन र कार्यान्वयन गर्दा नेपाल सरकारले स्वीकृत गरेको दिगो वन व्यवस्थापन मापदण्ड २०८१ को पालना गर्नु पर्नेछ ।

९. **वन पैदावारको सदुपयोग सम्बन्धी वार्षिक योजनाः** (१) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम संकलन भएका वन पैदावारको उपयोग तथा बिक्री वितरण सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई सोको एक प्रति रामारोशन गाउँपालिकामा जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक कार्ययोजनाका विषयमा कुनै सुझाव भएमा रामारोशन गाउँपालिकाले उक्त योजना प्राप्त गरेको ७ दिनभित्र त्यस्तो सुझाव दिन सक्नेछ ।

१०.**वन पैदावारको मूल्यबारे जानकारी गराउनेः** (१) सामुदायिक वन उपभोक्ता समूहले बिक्री वितरण गर्ने वन पैदावारको मूल्यसूची बारे रामारोशन गाउँपालिकाले वार्षिक विवरण माग गर्न सक्नेछ।

(२) रामारोशन गाउँपालिकाले उपदफा (१) बमोजिमको विवरण माग गरेमा सामुदायिक वन उपभोक्ता समूहले वार्षिक रुपमा आर्थिक वर्षको अन्त्यमा त्यस्तो विवरण उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको वन पैदावारको मूल्यसूचीबारे उपभोक्ता समूहका सदस्यहरुको जानकारीका लागि उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गर्नु पर्नेछ ।

११.**सांस्कृतिक तथा धार्मिक प्रयोजनका लागि काठ दाउराको उपलब्धताः** (१) सांस्कृतिक तथा धार्मिक प्रयोजन र पुरातात्विक महत्वका लागि काठ दाउरा उपलब्ध गराउँदै आएका सामुदायिक वन उपभोक्ता समूहले सोको विवरण सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउन सक्नेछन्।

(२) सामुदायिक वन उपभोक्ता समूह बाहिरका कुनै व्यक्ति वा संघ संस्थालाई उपदफा (१) को प्रयोजनका लागि काठ दाउरा आवश्यक परेमा सम्बन्धित वडा कार्यालयले उपभोक्ता समूहबाट उक्त वन पैदावार उपलब्ध गराउनका लागि त्यस्ता व्यक्ति वा संघ संस्थालाई सिफारिस दिन

सक्नेछ र सोही आधारमा सांस्कृतिक तथा धार्मिक प्रयोजन र पुरातात्विक महत्वका लागि उपभोक्ता समूहले तोकेको मूल्यमा वा न्यून मूल्यमा वा निःशुल्क रुपमा काठ दाउरा उपलब्ध गराउन सिकनेछ ।

१२.**वन डढेलो नियन्त्रणः** (१) रामारोशन गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि विभिन्न सामग्री खरिद गरी सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराउन सक्नेछ ।

(२) रामारोशन गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरुको सहभागितामा पालिकास्तर वा वडास्तरमा वन डढेलो नियन्त्रणका लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूह र रामारोशन गाउँपालिकाले समन्वय गरी वन डढेलो नियन्त्रण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने सक्नेछन् ।

१३.**समुदायमा आधारित प्रकोप जोखिम न्यूनीकरणः** (१) विभिन्न प्रकोप जोखिम न्यूनीकरणका लागि सामुदायिक वनको वन पैदावार परिचालन गर्नुपर्ने भएमा सम्बन्धित वडा कार्यालय र उपभोक्ता समूहको आपसी समन्वयमा उक्त प्रयोजनका लागि वन पैदावार आपूर्ति वा परिचालन गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(२) रामारोशन गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूह मार्फत विभिन्न प्रकोप जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१४.**जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालनः** (१) रामारोशन गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूह मार्फत जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहलाई रामारोशन गाउँपालिकाले अनुदान सहायता लगायतका अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) रामारोशन गाउँपालिकामा पहिचान भएका जलाधार क्षेत्र, सीमसार क्षेत्र, नदी तटीय क्षेत्र, बाढी पहिरो प्रभावित क्षेत्रहरुको संरक्षण तथा दिगो व्यवस्थापनका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह मार्फत सञ्चालन गरिनेछ ।

१५.**वृक्षारोपण र वातावरण संरक्षण कार्यक्रमः** (१) रामारोशन गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूह मार्फत वनसँग अन्तरसम्बन्धित भएका वातावरण संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि रामारोशन गाउँपालिकाले वृक्षारोपणका लागि सामुदायिक वन क्षेत्रमा पहिचान भएका भूभागहरुमा वृक्षारोपण गर्न प्राथमिकता प्रदान गर्नुपर्नेछ ।

१६.**वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण र राहत कार्यक्रमः** (१) वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि वनमा नै वन्यजन्तु बसोवास र विचरण गर्नेगरी सामुदायिक वनमा जंगली फलफूल लगायतका

फलफूलका विरुवा हुर्काउन रामारोशन गाउँपालिकाले उपभोक्ता समूहलाई आर्थिक स्रोत, प्राविधिक सहयोग र बीउ तथा विरुवा समेत उपलब्ध गराउन सक्नेछ ।

(२) वन्यजन्तुबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि प्रभावित वासिन्दाहरुको क्षमता विकास गर्न र आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न रामारोशन गाउँपालिकाबाट उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध हुन सक्नेछ ।

(३) सबै किसिमका वन्यजन्तुबाट हुने जनधनको क्षति वापत राहत प्रदान गर्नका लागि सामुदायिक वन उपभोक्ता समूहसँगको समन्वयमा रामारोशन गाउँपालिकाले राहत कोष स्थापना र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद तीन
## सामुदायिक वनमा आधारित वन उद्यम र पर्यापर्यटन विकास

१७.**सामुदायिक वनका माध्यमबाट उद्यमशीलता प्रवर्द्धनः** (१) सामुदायिक वनको कार्ययोजनामा वन उद्यमसम्बन्धी व्यवस्था गरी वनमा आश्रित समुदायका लागि अनुसूची २ बमोजिमका उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न चाहने उपभोक्ता समूहलाई रामारोशन गाउँपालिकाले आवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउनका लागि रामारोशन गाउँपालिकाले सामुदायिक वनका माध्यमबमाट सञ्चालन गर्न सकिने उद्यम विकासका बारेमा सम्भाव्यता अध्ययन गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम रामारोशन गाउँपालिकाबाट अनुदान प्राप्त गरी वन उद्यम सञ्चालन चाहने उपभोक्ता समूहले रामारोशन गाउँपालिकामा रहेको उद्यमसम्बन्धी शाखासँग समन्वय तथा परामर्श गरी सामुदायिक वनको कार्ययोजनामा आवश्यक व्यवस्था गर्न सक्नेछन् ।

(४) सामुदायिक वनका माध्यमबाट उद्यमशिलताको प्रवर्द्धन गर्न चाहने उपभोक्ता समूहलाई रामारोशन गाउँपालिकाले सामुदायिक वनको कार्ययोजनामा समावेश गर्ने विषयवस्तु पहिचानका साथै उद्यम सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनका लागि प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) सामुदायिक वनका माध्यमबाट सञ्चालन गरिने वन उद्यमका कार्यक्रमहरुबाट वन आश्रित विपन्न परिवारका लागि रोजगारी र आय आर्जन गर्न प्राथमिकता दिनु पर्नेछ र यस कार्यको अभिलेख राखी वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

१८.**वन सम्बन्धी लघु उद्यमको दर्ता र सञ्चालनः** (१) रामारोशन गाउँपालिकाको क्षेत्रभित्र रहेका एक वा एक भन्दा बढी उपभोक्ता समूहहरुले आपसी सहलगानी गरी वा रामारोशन गाउँपालिकासँगको सहकार्यमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित उपभोक्ता समूहहरुको संयुक्त स्वामित्व रहने गरी रामारोशन गाउँपालिकामा लघु उद्यम दर्ता गरी सञ्चालन गर्न सक्ने छन् ।

(२) लघु उद्यम दर्ता र सञ्चालन सम्बन्धी अन्य व्यवस्था . रामारोशन गाउँपालिकाको लघु उद्यमसम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(३) रामारोशन गाउँपालिकाको क्षेत्रभित्र वनसम्बन्धी लघु उद्यमको रुपमा सञ्चालन गर्न सकिने लघु उद्यमहरुको पहिचान र प्राथमिकीकरणका लागि रामारोशन गाउँपालिकाको उद्यमसम्बन्धी शाखाले सहजीकरण तथा सहयोग गर्नु पर्नेछ ।

(४) रामारोशन गाउँपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी लघु उद्यम तथा घरेलु उद्योग सञ्चालन गर्न चाहने निजी क्षेत्र तथा परियोजनासँग समन्वय र सहकार्य गराउनका लागि रामारोशन गाउँपालिकाले सहजीकरण गर्नेछ ।

१९.**सामुदायिक वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालनः** (१) रामारोशन गाउँपालिकामा रहेका सामुदायिक वनहरुमा सञ्चालन गरिने पर्यापर्यटनसम्बन्धी कार्यक्रमहरु सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालनका लागि रामारोशन गाउँरपालिकाले वार्षिक रुपमा विनियोजन गरेको बजेट तथा अनुदान रकम मध्येबाट आवश्यक पर्ने अनुदान रकम तथा बजेट उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले रामारोशन गाउँपालिका समक्ष आवश्यक निवेदन तथा प्रस्तावना पेश गर्न सक्ने छन् ।

(४) सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजनामा पर्यापर्यटनसम्बन्धी योजना र कार्यक्रम तथा क्रियाकलापहरु समावेश गर्नका लागि रामारोशन गाउँपालिकाको उद्योग तथा पर्यटनसम्बन्धी शाखाले प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(५) सामुदायिक वन क्षेत्रमा रहेका पर्यापर्यटकीय रुपमा ऐतिहाँसिक, धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत गर्नु पर्नेछ ।

(६) सामुदायिक वन क्षेत्रमा सञ्चालन गरेका पर्यापर्यटन क्षेत्रहरुमा प्रवेश शुल्क लगायतका सबै सेवा शुल्कहरु सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले संकलन गरी समूहको कोषमा जम्मा गरी रामारोशन गाउँपालिकासँगको समन्वयमा वनसम्बन्धी संघीय तथा प्रदेश कानूनले तोकेका विषयहरुमा सदुपयोग गर्नु पर्नेछ ।

(७) पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने चाहने सामुदायिक वन उपभोक्ता समूहलाई रामारोशन गाउँपालिकाकोले क्षमता विकासका कार्यक्रमहरुका साथै अन्य आवश्यक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२०.**कृषि वनमा आधारित आय आर्जनः** (१) कृषि वन कार्यक्रम सञ्चालन गर्न चाहने उपभोक्ता समूहले आफ्नो वन व्यवस्थापन कार्ययोजनामा कृषि वनसम्बन्धी व्यवस्था गरेको हुनु पर्नेछ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्न चाहने उपभोक्ता समूहले कृषि वनमा आश्रित विपन्न परिवारहरुको पहिचान गर्नुपर्नेछ र यसरी पहिचान गरिएका परिवारहरुलाई सामुहिक वा परिवारगत रुपमा कृषि वन कार्यक्रम सञ्चालन गर्न दिने वन क्षेत्र पनि पहिचान गर्नुपर्नेछ ।

(३) विपन्न परिवारलाई जडीबुटी खेती लगायतका कृषि वन कार्यक्रम सञ्चालनका लागि सामुदायिक वनको कुनै क्षेत्र वा भूभाग उपलब्ध गराउनका लागि उपभोक्ता समूह र विपन्न परिवारका बीच गरिने सम्झौता वन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(४) रामारोशन गाउँपालिका ले सञ्चालन गर्ने कृषि वन कार्यक्रम सामुदायिक वन उपभोक्ता समूह मार्फत वा उपभोक्ता समूहले पहिचान गरेको विपन्न परिवारहरुको समूह मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(५) कृषि वन कार्यक्रम सञ्चालनका लागि रामारोशन गाउँपालिका ले उपभोक्ता समूह मार्फत वा सिधै वनमा आश्रित विपन्न परिवारलाई बीउ बीजन, विरुवा, प्राविधिक सहयोग र नगद अनुदान उपलब्ध गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको सहयोग प्राप्त गर्नका लागि वनमा आश्रित विपन्न परिवारको तर्फबाट उपभोक्ता समूहले रामारोशन गाउँपालिका समक्ष निवेदन सहित योजना तथा कार्यक्रमको प्रस्तावना पेश गर्न सक्नेछ ।

(७) कृषि वनका माध्यमबाट विपन्न समूहले उत्पादन गरेका कृषिवनजन्य उपजहरुको प्रशोधन तथा बजारीकरणका लागि रामारोशन गाउँपालिकाको कृषि सम्बन्धी शाखाले आवश्यक सीप तथा तालिमहरु प्रदान गर्न सक्नेछ ।

२१.**सामुदायिक वनका माध्यमबाट आय आर्जन र गरिवी न्यूनीकरणः** (१) सामुदायिक वनका माध्यमबाट गरिवी न्यूनीकरणका लागि उपभोक्ता समूहले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछः

(क)उपभोक्ता समूहको कोष परिचालन गर्दा गरिवी न्यूनीकरणका लागि बजेट विनियोजन गर्नुपर्ने।

(ख)आयआर्जनको लागि सामुदायिक वनको क्षेत्र उपलब्ध गराउँदा अतिविपन्न, भूमिहिन, सीमान्तकृत, एकल महिला र दलित परिवारलाई प्राथमिकता दिनु पर्ने ।

(ग) वन उद्यम सञ्चालन गर्दा गरिवी न्यूनीकरण हुने कृयाकलाप सञ्चालन गर्नुपर्ने ।

(घ) गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपदमा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ दाउरा उपलव्ध गराउने ।

(२) सामुदायिक वनका माध्यमबाट गरिवी न्यूनीकरण कार्यक्रम सञ्चालनका लागि रामारोशन गाउँपालिकाले उपभोक्ता समूहलाई अनुदान लगायतका सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहमा रहेका युवा तथा विदेशबाट फर्किएका जनशक्तिका लागि एकल वा समुहिक रुपमा वनमा आधारित आय आर्जन र रोजगारीका कार्यहरु गर्नमा उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

## परिच्छेद चार

## सामुदायिक विकास कार्यक्रम सञ्चालन

२२.**सामुदायिक विकासका लागि समन्वय र सहकार्यः** (१) सामुदायिक वन उपभोक्ता समूहले पहिचान गरेका सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता समूहले रामारोशन गाउँपालिका वा वडा कार्यालयसँग समन्वय र सहकार्य गर्न सक्ने छन् ।

(२) उपभोक्ता समूहले सञ्चालन गर्ने सामुदायिक विकासका कार्यहरु वार्षिक योजनामा समावेश गरी साधारण सभाबाट पारित गरिएको हुनुपर्नेछ र वार्षिक योजना अनुसारका कार्यक्रममा रामारोशन गाउँपालिकाको समेत सहकार्य हुने भएमा उक्त वार्षिक योजनाको विवरण रामारोशन गाउँपालिकाको समक्ष पेश गर्नुपर्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहको कोषको रकम खर्च गरी सामुदायिक विकासका कार्यहरु गर्दा रामारोशन गाउँपालिका लगायत अन्य निकायबाट सहयोग उपलब्ध नहुने र स्थानीय समुदायलाई अत्यावश्यक पर्ने सामुदायिक सेवाका क्षेत्रमा लगानी गर्नु पर्नेछ ।

२३.**सामुदायिक वन उपभोक्ता समूहलाई अनुदान प्रदानः** रामारोशन गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा सामुदायिक विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२४.**सामाजिक सुरक्षामा सामुदायिक वनको स्रोत परिचालनः** (१) सामुदायिक वन उपभोक्ता समूहको कोषको रकम खर्च गर्दा देहाय बमोजिमका सामाजिक सुरक्षाका कार्यहरुमा खर्च गर्न सकिनेछः

(क) विपन्न परिवारका लागि स्वास्थ्य, शिक्षा, खानेपानी र विद्युत खपतमा अनुदान ।

(ख) अपाङ्गगता भएका व्यक्तिका लागि आवश्यक पर्ने सेवा तथा सुविधा ।

(ग) अशक्त तथा असहाय अवस्थामा रहेका व्यक्तिको पालनपोषण तथा हेरचाह खर्च ।

(घ) एकल महिलाका लागि रोजगारी तथा आय आर्जन ।

(ङ) विपन्न परिवारका र सम्भव भएसम्म सबै सुत्केरी आमा र नवजात शिशुका लागि पोषण भत्ता ।

(च) सिमान्तकृत र विपन्न दलित परिवारका लागि स्वास्थ्य, शिक्षा तथा रोजगारी र आय आर्जन।

(छ) लोपोन्मूख आदिवासी जनजातिका लागि स्वास्थ्य, शिक्षा तथा रोजगारी र आय आर्जन।

(ज) वृद्ध वृद्धा र दृघरोगीका लागि औषधोपचार अनुदान लगायत सामाजिक सुरक्षा भत्ता ।

(२) सामुदायिक वन उपभोक्ता समूहले दफा (१) बमोजिमका क्षेत्रमा सामाजिक सुरक्षा सेवा प्रदान गर्दा रामारोशन गाउँपालिकासँग समन्वय गरी सकेसम्म दोहोरो नपर्ने गरी प्रदान गर्नु पर्नेछ

## परिच्छेद पाँच
## वनसम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको प्रवर्द्धन

२५.**वनसम्बन्धी परम्परागत ज्ञानको प्रवर्द्धनः** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तर्जुमा गर्दा आफ्नो समुदायमा रहेका आदिवासी जनजाति र स्थानीय समुदायको वन पैदावार तथा जैविक विविधताको उपयोग तथा वन व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञानको अभिलेख राख्नु पर्नेछ।

(२) सामुदायिक वनमा वनको दिगो व्यवस्थापनसम्बन्धी क्रियाकलापहरु गर्दा उपदफा (१) बमोजिम पहिचान तथा अभिलेखित भएका परम्परागत ज्ञानको सदुपयोग गर्दै त्यस्ता परम्परागत ज्ञानको थप प्रवर्द्धन गर्नुपर्नेछ ।

(३) सामुदायिक वनका माध्यमबाट आदिवासी जनजाति र स्थानीय समुदायको वन पैदावार उपयोग तथा वन व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञानको प्रवर्द्धनका लागि रामारोशन गाउँपालिकाले आवश्यक स्रोत साधन र सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२६.**प्रथाजनित अभ्यासको सम्मानः** (१) सामुदायिक वन व्यवस्थापन र सदुपयोग गर्दा स्थानीय स्तरमा साविकदेखि प्रचलनमा रहेका वन तथा अन्य प्राकृतिक स्रोत सम्बन्धी आदिवासी जनजाति र स्थानीय समुदायका प्रथाजनित अभ्यासलाई सम्मानका साथ मान्यता प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि सामुदायिक वनको कार्ययोजना र उपभोक्ता समूहको विधानमा आवश्यक व्यवस्थाहरु गर्नु पर्नेछ ।

(३) रामारोशन गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका प्राकृतिक स्रोतको सदुपयोग सम्बन्धी प्रथाजनित अभ्यासको अभिलेख कायम गरी उक्त अभ्यासहरुलाई सामुदायिक वनसँग सामञ्जस्यता कायम गराउनका लागि सहजीकरण गर्नु पर्नेछ ।

२७.**प्रथाजनित वनको मान्यताः** (१) आदिवासी जनजाति र स्थानीय समुदायका प्रथाजनित संस्थाद्वारा प्रथाजनित कानून वा प्रथाजनित अभ्यास अनुरुप कुनै वन क्षेत्रको संरक्षण, ब्यवस्थापन र सदुपयोग हुदै आएको प्रथाजनित वनहरुमा उक्त प्रथाजनित संस्थाकै स्वनिर्धारित दिगो बिकासको पद्दती कायम हुनेगरी प्रथाजनित वनको रुपमा मान्यता प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रथाजनित वनको रुपमा मान्यता प्रदान गर्ने क्रममा रामारोशन गाउँपालिका क्षेत्रमा रहेका प्रथाजनित वन व्यवस्थापन गर्ने प्रथाजनित संस्थाहरुको अभिलेख तयार गरी उक्त प्रथाजनित संस्थाहरुलाई प्रथाजनित वनको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद छ
## उपभोक्ता समूहमा सुशासन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण

२८.**उपभोक्ता समूहमा सुशासन प्रवर्द्धनः** (१) सामुदायिक वन उपभोक्ता समूहले देहायका विषयहरु उपभोक्ता समूहको साधारण सभाबाट पारित गर्नुपर्नेछः

(क) विधान र कार्ययोजना (नयाँ, संशोधित तथा परिमार्जित),

(ख) कार्ययोजनामा समावेश गर्ने वन सम्वर्द्धन क्रियाकलाप छनोट,

(ग) समूह बाहिर काठ विक्री गर्ने निर्णय,

(घ) वार्षिक योजना,

(ङ) लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन

(च) सार्वजनिक सुनुवाई गरेको प्रतिवेदन ।

(२) रामारोशन गाउँपालिकाले आफै वा वडा कार्यालयबाट सामुदायिक वन उपभोक्ता समूहको लेखा व्यवस्थापन लगायत सुशासनका विषयमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२९.**लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चतता गर्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहमा देहाय बमोजिम हुनेगरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चतता गरिएको हुनुपर्नेछः

(क) उपभोक्ता समूहको विधानमा सदस्य घरधुरीका महिला र पुरुष दुबैको नाम समावेश हुनुपर्ने।

(ख) उपभोक्ता समूहको पदाधिकारी सहित कार्यसमितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधित्व हुनेगरी लैङ्गिक समानता हुनेगरी प्रतिनिधित्व भएको हुनु पर्ने ।

(ग) उपभोक्ता समूहको खाता सञ्चालक मध्ये कम्तिमा एक जना महिला हुनुपर्ने र कोष परिचालन गर्दा महिला सशक्तिकरणका लागि बजेट विनियोजन गर्नुपर्ने ।

(घ) उपभोक्ता समूहको कार्यसमितिमा सामाजिक समावेशीकरण हुनेगरी प्रतिनिधित्व भएको हुनुपर्ने।

(२) रामारोशन गाउँपालिकाले आफै वा वडा कार्यालयबाट सामुदायिक वन उपभोक्ता समूहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चतताका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद सात
## विविध

३०.**सशर्त अनुदान र प्राकृतिक स्रोतको रोयल्टी रकम खर्च गर्नेः** रामारोशन गाउँपालिकामा वन तथा वातावरणसम्बन्धी विषयमा उपलब्ध सशर्त अनुदान र प्राकृतिक स्रोतको रोयल्टी रकम खर्च गर्दा उपभोक्ता समूहका माध्यमबाट सामुदायिक वन विकासमा खर्च हुनेगरी परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

३१.**सामुदायिक वनबाट प्राप्त हुने वन पैदावार शुल्क सामुदायिक वन विकासमा खर्च गर्नेः** सामुदायिक वन उपभोक्ता समूहबाट रामारोशन गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम सामुदायिक वन विकासमा खर्च गरी सामुदायिक वन प्रवर्द्धनमा सहयोग गर्न सकिनेछ।

३२.**अनुदान सहयोग लिनका लागि प्रस्तावना पेश गर्न सक्नेः** (१) रामारोशन गाउँपालिकाबाट अनुदान तथा अन्य विषयमा आर्थिक सहयोग लिनका लागि उपभोक्ता समूहले रामारोशन गाउँपालिकाले निर्धारण गरेको ढाँचामा प्रस्तावना पेश गर्न सक्ने छन् ।

(२) रामारोशन गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका साना तथा कम आर्थिक स्रोत भएका समूहलाई सहयोग गर्न विशेष प्राथमिकता दिन सक्नेछ ।

३३.**सहमति लिनु पर्नेः** (१) नेपाल सरकार लगायतका कुनै पनि सरकारी निकायले सामुदायिक वन तथा प्रथाजनित वनमा कुनै पनि पक्षलाई भोगाधिकार प्रदान गर्नुपूर्व र वन क्षेत्रको भू–उपयोग परिवर्तन गर्ने क्रियाकलाप लागु गर्नुपूर्व सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र प्रथाजनित संस्थासँग सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहमति लिने दिने विषयमा भएका निर्णयहरुका बारेमा सम्बन्धित निकायले रामारोशन गाउँपालिकालाई जानकारी दिनु पर्नेछ ।

३४.**सामुदायिक वनको अनुगमनः** (१) रामारोशन गाउँपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहको रामारोशन गाउँपालिकाले आवश्यकता अनुसार समय समयमा सहजीकरण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमनबाट प्राप्त विवरणका आधारमा रामारोशन गाउँपालिकाले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**अनुसूची १**

दफा ४ सँग सम्बन्धित

सामुदायिक वन उपभोक्ता समूहको तथ्याङ्क अद्यावधिक गर्ने ढाँचा

| क्रस | समूहको नाम | ठेगाना (वडा) | वन कार्यालयबाट वन हस्तान्तरणा मिति | क्षेत्रफल | घरधुरी संख्या | जनसंख्या | सम्पर्क व्यक्ति (फोन नं.) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

**अनुसूची २**

दफा १७ सँग सम्बन्धित

वन पैदावारमा आधारित सम्भावित उद्यमहरु

| घरायसी वस्तु | खाद्य वस्तु | उपभोग्य वस्तु | औषधीजन्य वस्तु | विलासिताका वस्तु | वातावरणीय से |
|---|---|---|---|---|---|
| • काठ<br>• फर्निचर<br>• बाँस, बेतबाँस र निगालाका उत्पादन<br>• रेसाजन्य वस्तुमा आधारित वस्तु (डेरी, ढकीया आदी)<br>• पातमा आधारित उत्पादन (टपरी आदी)<br>• माटो र माटोका उत्पादनहरु<br>• ढुङ्गाका वस्तुहरु<br>• प्राङ्गारिक मल<br>• घाँस उत्पादन | • खान योग्य जंगली फलफूल<br>• वनजन्य सागसब्जी<br>• तामा वा टुँसा<br>• सबै प्रकारका अचार<br>• जंगली फलफूलबाट उत्पादित सबै प्रकारका जुस र रक्सीहरु<br>• मर्चा<br>• माछा र मार्न पाइने अन्य जलचर<br>• प्रतिबन्धित बाहेक सबै प्रकारका कन्दमूल<br>• मसलाजन्य उत्पादन (तेजपात, टिमुर, अलैची आदी)<br>• जंगली वनस्पतिको घ्यू र तेल | • रेसाजन्य वस्तुमा आधारितउत्पादन (कपडा आदी)<br>• सावुन | • जडीबुटी<br>• गैरकाष्ठ वन पैदावार<br>• सुगन्धित तेल<br>• मह<br>• खाद्य वा उपभोग्य पाउडर | • हस्तकलाका समानहरु<br>• अगरबत्ति लगायतका सुगन्धित वस्तु | • खानेपानी<br>• सिमसार<br>• पोखरी<br>• सिंचाइ<br>• पार्क<br>• उद्यान<br>• बगैचा<br>• जैविक विवि<br>• जलाधार<br>• पदमार्ग<br>• दृष्यावलोकन<br>• जंगली जनाव अवलोकन<br>• चरा अवलोक<br>• साहसिक खेलकुद<br>• पर्यापर्यटन<br>• होमस्टे<br>• कृषि वन<br>• मानव-वन्यज द्वन्द्व व्यवस्थापन |

*नोटः अन्य सम्भावित वन उद्यमहरुको सूची सामुदायिक वन मार्गदर्शन २०८१ मा पनि उल्लि*

आज्ञाले,

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत